# ४७औ कार्यपालिका बैठकको निर्णय

प्रस्ताव तथा निर्णयहरु:

१. गाउँशिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
२. विभिन्न कार्यविधि उपर छलफल सम्बन्धमा।
३. अर्धवार्षिक आयव्ययको प्रगति सम्बन्धमा।
४. विविध।

निर्णय नं १.

रुन्टीगढी गाउँपालिकाको गाउँशिक्षा समितिले विभिन्न मितिमा गरेका देहायका प्रस्तावहरु उपर गरेका निर्णयहरु अनुमोदन गर्ने।

(क) आधारभुत तह १-८ को परिक्षा संचालन समिति र स्थानीय पाठ्यपुस्तक १-३ लागु गर्ने।

(ख) योजना तथा कार्यक्रम छनौट सम्बन्धमाः आ.व. २०८१।०८२ मा संघीय सशर्त कार्यक्रम अन्तर्गत गाउँपालिकाका सामुदायीक विद्यालयहरुका लागि प्राप्त अनुदान कोटाहरु स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माण, पुस्तकालय स्थापना तथा व्यवस्थापन, कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानमा तपसिल अनुसारका छनौट भएका विद्यालयहरु अनुमोदन गर्ने।

तपसिल

| क स | विद्यालयको नाम ठेगाना | कार्यक्रमको नाम | कै |
|---|---|---|---|
| १. | श्री ईन्द्रदेबि आ.वि. रुन्टीगढी ३ लखना | पुस्तकालय स्थापना तथा व्यवस्थापन | |
| २. | श्री त्रिपुरेश्वरी आ.वि. रुन्टीगढी ६ खारा | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | प्रथम |
| ३. | श्री भानु आ.वि. रुन्टीगढी ८ मगरगोरी | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | द्वितिय |
| ४. | श्री उमाभक्त आ.वि. रुन्टीगढी २ उमा | विद्यालय भवन निर्माण | |
| ५. | श्री चन्द्रोदय आ.वि. रुन्टीगढी ३ जबाङ | विद्यालय भवन निर्माण | |
| ६. | श्री बालकल्याण आ.वि. रुन्टीगढी ७ बलबाङ | विद्यालय भवन निर्माण | |

निर्णय नं २.

रुन्टीगढी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१।०५।१३ को बैठकले निर्माण तथा संशोधन गर्न सैद्धान्तिक स्वीकृति दिई निर्माण भएका तपसिलका विभिन्न मस्यौदा माथि विधायन समितिमा दफावार छलफल गरि पारितका लागि आगामि कार्यपालिका बैठकमा पेश गर्ने।

तपसिल

**अ) संशोधनको लागि स्वीकृत भएको**

क. रुन्टीगढी गाउँपालिकाको खेलकुद संचालन सम्बन्धी कार्यविधि

**आ) नयाँ कार्यविधि निर्माणको लागि सैद्धान्तिक स्वीकृत भएको**

क. निजि जग्गामा खनिज पदार्थ उत्खनन, संकलन तथा बिक्रिवितरण सम्बन्धी कार्यविधि

ख. रुन्टीगढी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली

ग. कृषि बालि जोखिम व्यवस्थापन तथा लागत न्युनिकरण सम्बन्धी कार्यविधि

घ. अटो रिक्सा संचालन तथा व्यवस्थापन कार्यविधि

ङ. मेला महोत्सब संचालन तथा व्यवस्थापन कार्यविधि

च. रुन्टीगढी गाउँपालिकाको शैक्षिक सुधार कार्यक्रम कार्यविधि

छ. कृषकसँग थ्रेसिङ कार्यक्रम संचालन निर्देशिका

**निर्णय नं ३.**

रुन्टीगढी गाउँपालिकाको चालु आ.ब. ०८१।०८२ को २०८१।०९।०७ गते सम्मको पालिकाको तपसिल बमोजिम आयव्ययको प्रगति उपर छलफल तथा समिक्षा गरियो।

तपसिलः

**<u>निर्णय नं ४.</u>**

आ.व. २०८१।०८२ का लागि यस पालिकामा संघीय कार्यक्रम अन्तर्गत बहुक्षेत्रिय पोषण कार्यक्रमका लागि स्वीकृत भई आएको कार्यक्रमहरु स्वीकृत गर्ने साथै वडागत रुपमा खाद्य सुरक्षाका आधारमा जोखिममा रहेका बस्तिहरु तपसिल अनुसार पहिचान गरियो।

तपसिल

वडा नं १- धनचौर र ओबाङ

वडा नं २- लामिडाँडा र उमा

वडा नं ३- भोर्ना

वडा नं ४- टोलाबाङ, भर्तिबनखर्क र पोखराचौर

वडा नं ५- दुविडाँडा र सैबाङ

वडा नं ६- डोक्राबन, वाबाङ र अमिले

वडा नं ७- बलबाङ र सतिम

वडा नं ८- गैराबारी र दानबाङ

वडा नं ९- सखि, सानधारा, हरलधारा र अमिलेचौर

**<u>निर्णय नं ५.</u>**

रुन्टीगढी गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको सम्बन्धमा

(क) आधारभुत स्वास्थ्य संस्थाहरु वडा नं १ र ८ लाई बर्थिङ सेन्टरका रुपमा घोषणा गर्ने।

(ख) प्राथमिक स्वास्थ्य केन्द्र होलेरी र स्वास्थ्य चौकीहरुलाई मापदण्डका आधारमा मुल्याङ्कन गरि किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा गर्ने।

(ग) सुरक्षित गर्भपतन साइट सेवा प्रवाहका लागि सो सम्बन्धको तालिम लिएका मसिना स्वास्थ्य चौकी वडा नं ४ मा कार्यरत अ.न.मी. कविता चौधरी, वडा नं ५ दुविडाँडा स्वास्थ्य चौकिमा कार्यरत सि.अ.न.मि. निर्मला के.सी. र दुविडाँडा स्वास्थ्य चौकी वडा नं ५ लाई सुचिकृत गर्ने।

**<u>निर्णय नं ६.</u>**

रुन्टीगढी गाउँपालिका र यु एन एफ पिएको साझेदारी र समन्वयमा मिति २०८१ मंसिर २३ गते बसेको संयुक्त बैठकबाट भएको निर्णय अनुसार यु एन एफ पिएको आर्थिक तथा प्राविधिक सहयोगमा रुन्टीगढी गाउँपालिकामा बालबिवाह अन्त्यका लागि गाउँपालिकास्तरिय रणनीतिको पहिलो मस्यौदा माथि छलफल तथा अन्तर्क्रिया भए बमोजिम निर्माण गरिएको रुन्टीगढी गाउँपालिकाको बालबिवाह अन्त्यका लागि गाउँपालिकास्तरीय रणनीतिक योजना, २०८१ पारित गर्ने।

**<u>निर्णय नं ७.</u>**

रुन्टीगढी गाउँपालिकामा आ.ब. २०८१।०८२ मा उद्दम विकास कार्यक्रम कार्यान्वयन गर्न वडा नं १ छनौट गरि कार्यक्रमहरु संचालन गर्ने।

**निर्णय नं ८.**

रुन्टीगढी गाउँपालिकाको वडा नं ४ मा मिति २०८१।०८।१६ गते संचालन भएको उपनिर्वाचनलाई सुरक्षित र मर्यादित रुपमा संचालन गर्न तथा निर्वाचन स्थललाई व्यवस्थित गर्न आवश्यक कार्यका लागि स्थापना भएका मुख्य निर्वाचन अधिकृतको कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट विविध सामाग्री व्यवस्थापन गरिदिनु हुन भनि लेखि आएको हुँदा सो कार्य वापतको खर्च र सो अबधिमा अतिथि सत्कार गर्दा भएको खर्चको भुक्तानि गर्ने ।

**निर्णय नं ९.**

रुन्टीगढी गाउँपालिकाको कार्यालयमा कार्यालय प्रयोजनका लागि एउटा मात्र गाडि रहेको र अनुगमन लगायत कार्यालयको अन्य कामको बढ्दो चापलाई मध्यनजर गर्दा प्रतिस्पर्धामा गाडि भाडामा लिन आवश्यक देखिएकोले सो अनुसारको कार्य अगाडि बढाउने।

**निर्णय नं १०.**

रुन्टीगढी गाउँपालिकाको आ.व. २०८१।०८२ को हालसम्मको सार्वजनिक सुनुवाईको कार्यक्रम मिति २०८१।०९।२२ गते सोमबार गर्ने।

**निर्णय नं ११.**

रुन्टीगढी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण (जेसि अडिट) कार्यका लागि रुडास नेपाल अन्तर्गत गोल परियोजना र गाउँपालिकाको आपसि साझेदारी र समन्वयमा गर्ने ।

**निर्णय नं १२.**

रुन्टीगढी गाउँपालिकाको वडा नं ४ मा रहेको सुर्पाल तरकारी संकलन केन्द्र मर्मत तथा स्तरोन्नति गर्न आवश्यक देखिएकोले रुडास नेपाल अन्तर्गतको गोल परियोजनाबाट उक्त तरकारी संकलन केन्द्रको मर्मत कार्य गर्ने साथै उक्त परियोजनाबाट अपुग भएको रकम प्राविधिक लागत अनुमानका आधारमा गाउँपालिकाको म्याचिङ फण्डबाट व्यवस्था गर्ने।

**निर्णय नं १३.**

रुन्टीगढी गाउँपालिका र दिगो विकासका लागि सहकार्य नेपाल तिलोत्तमा-२, रुपन्देहीको सहकार्य र साझेदारिमा यस गाउँपालिकाले माग गरे बमोजिमका स्वास्थ्य सामाग्रीहरु उपलब्धताको लागि द्वीपक्षीय सम्झौता गरी उक्त कार्यको लागि गाउँपालिकाले व्यहोर्ने reimbursement consultants fee वापत रु २,५०,००० /-(अक्षरुपि रु दुई लाख पचास हजार मात्र) अग्रिम भुक्तानि दिने।

निर्णय नं १४.

रुन्टीगढी गाउँपालिकामा आ.व. २०८१।०८२ मा सुरक्षित नागिरक आवास कार्यक्रम कार्यान्वयनका लागि सुरक्षित नागरिक आवास कार्यान्वयन गर्न गाउँपालिकाबाट सूचना आह्वान गरि सम्बन्धित वडामा सूचना बमोजिम आवेदन फर्म संकलन गर्ने सो आवेदन फर्म वडाले पालिकामा पेश गरि सके पश्चात रुन्टीगढी गाउँपालिकाको पार्श्वचित्र अनुसार अति विपन्न, विपन्न रहेका घरधूरीलाई प्राथमिकिकरण गरि लाभग्राहि छनौट गरि वितरण गर्ने निर्णय गरियो।

निर्णय नं १५.

रुन्टीगढी गाउँपालिकामा गत आ.व. मा निर्माण भएको रुन्टीगढी गाउँपालिकाको वासप्लान, २०८० लाई कार्यान्वयन प्रक्रियामा लैजाने र वार्षिक रुपमा अध्याबधिक गर्दै जाने निर्णय गरियो।

निर्णय नं १६.

राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान र रुन्टीगढी गाउँपालिकाको आपसि समन्वयमा भएको सम्झौता बमोजिम राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठानले मिति २०८१।०९।०५ गते नियुक्त गरेका मेडिकल अधिकृत प्राथमिक स्वास्थ्य केन्द्र होलेरी रोलपालाई उपलब्ध गराउने र मेडिकल अधिकृतको सेवासुविधा गाउँपालिका र प्रतिष्ठानबीच भएको सम्झौता बमोजिम गाउँपालिकाले प्रदान गर्ने ।

निर्णय नं १७.

रुन्टीगढी गाउँपालिकाको वडा नं ९ मा सडक पूर्वाधार विकास कार्यालय लिबाङ रोल्पाबाट संचालनमा रहेको गोगनपानि-गातिना-अमिलेचौर जोड्ने मोटरबाटो योजनाको कार्य ठेक्का प्रक्रियामा गएको तर कार्य सम्पन्न नभएकोले उक्त योजनाको ठेक्का प्रक्रियाबाट बच्न गएको रकमबाट पुनः सोहि योजनामा काम सम्पन्न गर्ने कार्य अगाडि बढाउन सडक पूर्वाधार विकास कार्यालयलाई सिफारिस गर्ने।

निर्णय नं १८.

विज्ञान शिक्षक समाज रुन्टीगढी गाउँपालिका रोल्पाद्वारा राष्ट्रिय विज्ञान दिवस २०८१ असोज १ गतेका अवसरमा संचालन भएका विद्यार्थीहरुको क्षमता विकास सम्बन्धी विविध सृजनसिल कार्यक्रमहरुमा भएको खर्च वापतको रकम रु २४,२९५/- भुक्तानि दिने।

<u>निर्णय नं १९.</u>

रुन्टीगढी गाउँपालिकाको ब्याक हो लोडर मर्मत गर्दा भएको मर्मत खर्च रु २,०२,७७७/- एस मार्केटीङ एण्ड सप्लायर्सबाट भुक्तानि माग भई आएकोले सो अनुसारको रकम भुक्तानि दिने साथै बर्षातको समयमा अबरुद्ध बाटोहरु मर्मत तथा सरसफाई गर्दा वडा नं ६ र ७ मा टेक्टर भाडामा लिई बाटो सरसफाई तथा ग्राभेल गर्दा टेक्टरको भाडा वापतको खर्च रकम भुक्तानि दिने।

<u>निर्णय नं २०.</u>

रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता र कमजोर आर्थिक अबस्थालाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका तपसिलका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७९ बमोजिम र सामान्य विरामिहरुलाई अध्यक्षज्यूको तोकादेश अनुसारको आर्थिक सहयोग दिने।

तपसिलः

| क्र. सं. | नामथर | ठेगाना | समस्या | रकम |
|---|---|---|---|---|
| १. | बुद्धिराम कवर | रुन्टीगढी-१, रोल्पा | काका लिल बहादुर कवर रुखबाट लडेर मेरुदण्ड भाचिएको र उपचार गर्न आर्थिक अभाव भएको | रु.१०,०००/- |
| २. | प्रेम बहादुर बि.क. | रुन्टीगढी-३, रोल्पा | छोरीको हातमा हड्डी पलाउने समस्याका कारण उपचार गर्न | रु.१०,०००/- |
| ३. | सशे कामि | रुन्टीगढी-३, रोल्पा | मानसिक समस्याका कारण उपचार गर्न आर्थिक अभाव भएको | रु.८,०००/- |
| ४. | अबिसरा नेपाली | रुन्टीगढी-७, रोल्पा | ससुरा भिम बहादुर दमाई प्रेसरको बिरामि भई उपचार गर्न आर्थिक अभाव रहेको | रु.१०,०००/- |
| ५. | करसिङ गिरी | रुन्टीगढी-४, रोल्पा | भारतमा काम गर्ने क्रममा लडि दाँया कुम भाँचिएको र उपचार गर्न आर्थिक अभावले घरमै आई बसेको | रु.१०,०००/- |
| ६. | गिता बुढा | रुन्टीगढी-६,रोल्पा | उपचार गर्न आर्थिक अभाव रहेको | ८,०००/- |